भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**भरतपुर, चितवन**
**पावर व्याकअप सामग्री खरिद सम्बन्धि बोलपत्र आव्हानको सूचना**
पटक सूचना प्रकाशित मिति : २०७४।०६।११ गते

यस भरतपुर महानगरपालिका कार्यालयको १७ वटा वडाकार्यालयहरुमा पावर व्याकअप सामग्री खरिद एव जडान गर्न सो सम्वन्धि कार्यगर्न मान्यता प्राप्त फर्म/ कम्पनी हरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी वोलपत्र आव्हान गरिएको छ।

**शर्तहरुः-**

१. बोलपत्र फारम रु ३०००।–(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा मिति २०७४/०७/०९ गते भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ।
२. बोलपत्र फारम खरिद गर्न फर्म/ कम्पनीहरुले कम्पनि रजिस्ट्रेसन प्रमाणपत्र, भ्याट/प्यान दर्ता तथा नविकरण गरेको प्रमाणपत्र र आ.ब.०७३/७४ को कर चुक्ता प्रमाणित प्रमाणपत्र पेश गर्नुपर्नेछ।
३. बोलपत्र शर्त रहित र केरमेट नभएको हुनुपर्नेछ। यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ।
४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, भरतपुरको धरौटी खाता नं. ग-३ ( १३१०३०३००७१०२) खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारि गरेको ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ। प्रस्तावकको bid validity ९० दिनको हुनु पर्नेछ। प्रचलित कानुन बमोजिम बोलपत्र जमानत bid bond को म्याद थप ३० दिन अर्थात न्युनतम १२० दिन कायम गरि बोलपत्र पेश गर्नु पर्नेछ।
५. कवोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन
७. खरिद भएको वोलपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७४/०७/०९ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पूग्नेछैन। कारणवश सिलवन्दी बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ।
९. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ।
१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ साथै यो सुचना भरतपुर महानगरपालिकाको Website: www.bharatpurmun.gov.np बाट समेत Download गरी हेर्न सकिने छ ।

| **वोलपत्र नं.** | **आवश्यक पावर सामाग्रीको विवरण** | **ल.ई. रकम (मु.अ.कर बाहेक)** | **धरौटी रकम** | **वोलपत्र दस्तुर** | **कैफियत** |
|---|---|---|---|---|---|
| **०१-०७४/७५ (सूचना शाखा)** | Inverter (900VA) 16 piece<br>Inverter (1800VA) 1 piece<br>Battery 200 AH 18 piece | ९,८२,०००। | ४९,१००। | ३०००। | |